० ३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

मिति:२०८२/०४/२९

विषय: जानकारी सम्बन्धमा।

श्रीमान् नगर प्रमुख जय प्रकाश चौधरी ज्यू,
खडक नगरपालिका, सप्तरी।

उपरोक्त विषयमा खडक नगरपालिकाको पत्र संख्या २०८२/८३ च .नं १४३ मिति २०८२/०४/२९ को नगर प्रमुख श्रीमान जय प्रकाश चौधरी ज्यूबाट जारि भएको स्पष्टिकरण सम्बन्धि पत्र खडक नगरपालिकाको अधिकारिक फेसबुक पेजमा प्रकाशित भएको प्रति आपनो ध्यानाकर्षण भएको जानकारी गराउन चाहन्छु। मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रयोगशालाबाट प्रदान गरिएको ल्याब उपकरण प्रयोगबाट जनतामा प्रवाह हुने सेवा र राजश्व सम्बन्धि विषय वस्तुको सन्दर्भमा गठित संचालक तथा व्यवस्थापन समितिको संरक्षक श्रीमान नगरप्रमुख ज्यू स्वयम् रहेको र सो समितिको अध्यक्ष श्री राकेश कुमार साह (वडा नं ७ को वडा अध्यक्ष) रहेको तथा प्राथमिक स्वास्थ्य केन्द्रका कार्यालय प्रमुख सजन लाल साह सदस्य सचिब रहेको अवस्थामा राजस्व सम्बन्धि online billing बिपरित गरिएको गैर कानुनी निर्णय समितिले के कुन कारणले गरेको हो ? समितिको संरक्षक नगर प्रमुख ज्युले सो विषयमा समस्या समाधानको लागि आवश्यक पहलको गर्न यस कार्यालयमा कुनै किसिमको जानकारी वा निर्देशन किन नदिएको हो? स्पस्टिकरण मार्फत जानकारी पाए पश्चात सम्बन्धित संलग्न सबै पक्षलाई नियमानुसार आवश्यक कारवाहीको लागि सबै निकायमा प्रक्रिया अगाडी बढाउने व्यहोरा जानकारीको लागि सम्बन्धित सबै सरोकारवालामा अनुरोध छ।

बोधार्थ
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी।
श्री मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम।

२०८२/४/२९

विनय कुमार सोनु
प्रमुख प्रशासकीय अधिकृत (उप सचिब)
खडक नगरपालिका, सप्तरी.